जी ट्वान्टीका विकासमन्त्रीहरूको बैठक भारतमा

भारत, जेठ २८ । युरोपेली संघ, औद्योगिक एवं विकासोन्मुख राष्ट्रसहित विश्वका सबैभन्दा ठूला अर्थतन्त्र भएका १९ देश मिलेर बनेको अन्तरसरकारी मञ्च 'जी ट्वेन्टी'का विकासमन्त्रीरूको बैठकमा भाग लिन ब्राजिल, जर्मनी, जापान, इन्डोनेसिया र चीनका प्रतिनिधि भारतको वाराणसी पुगेका छन् ।

विमानस्थलमा विदेशी पाहुनालाई अवधको फरूवाही नृत्य टोली र काशी विश्वनाथ डमरू वदन समितिले भव्य स्वागत गरेको थियो । विमानस्थलमा विदेशी पाहुनाले डमरू वदन र भारतीय नृत्य प्रस्तुत गरेका थिए ।

आइतबारदेखि तीन दिनसम्म आयोजना हुने

मन्त्रीस्तरीय बैठकमा भागलिन पवित्र नगरी काशी आउनेमा अष्ट्रेलियाका राजनीतिज्ञ प्याट्रिक कोनरोय, भारतका लागि ब्राजिलका राजदूत मौरिसियो लिरियो, अन्तर्राष्ट्रिय साझेदारीका लागि युरोपेली आयुक्त जुट्टा उर्पिलेनेन, जर्मनीका आर्थिक सहयोग तथा विकासमन्त्री स्वेन्जा शुल्जे, जापानी मन्त्री शुन्सुके ताकेई र चीनका झाओ यिफानलगायत छन् ।

सांस्कृतिक विविधताले समृद्ध भारतका नागरिकले विमानस्थलमा आफूहरूलाई गरेको स्वागतबाट विदेशी पाहुना निकै खुसी देखिएका थिए । बैठकको अध्यक्षता 'जी ट्वान्टी'का वर्तमान अध्यक्ष देश भारतका विदेशमन्त्री एस जयशंकरले गरेका छन् ।

ट्विटरद्वारा गुगल क्लाउड बिल तिर्न अस्वीकार

अमेरिका, जेठ २८ । ट्विटरले आफ्नो गुगल क्लाउड बिलहरु तिर्न अस्वीकार गरेको छ । प्लेटफर्मरको रिपोर्टअनुसार गुगलसँगको सम्झौता नवीकरणको समय नजिकिँदै गएकाले ट्विटरले बिल तिर्न अस्वीकार गरेको हो । यसबाट सोसल मिडिया कम्पनीहरूको विश्वास र सुरक्षा सम्बन्धमा कमजोर पार्नेछ ।

एलन मस्कले ट्विटर अधिग्रहण गर्नुअघि ट्विटरले गतवर्ष गुगलसँग स्यामविरूद्ध लड्न र खाताहरूको सुरक्षालगायतका विषयमा बहुवर्षीय सम्झौतामा हस्ताक्षर गरेको थियो ।

प्लेटफर्मर रिपोर्टले कम्पनीहरूबीचको द्वन्द्वले कसरी ट्विटरको विश्वास र सुरक्षा टोलीमा बाधा पुऱ्याउन सक्छ भन्ने विवरणबारे केही भनेको छैन । रिपोर्टमा ट्विटरले गत मार्चदेखि गुगलसँग आफ्नो सम्झौता सम्बन्धमा पुनः वार्ता गर्ने प्रयास गरिरहेको छ । ट्विटरले आफ्नो सर्भरमा केही सेवाहरु होस्ट गर्दै आएको छ र अरूलाई अमेजोन र गुगलको क्लाउड प्लेटफर्महरूमा राख्दै आएको छ ।

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बागमती प्रदेश, रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं ०९ निवासी कुबेर गिरीको नाती, तश्विर गिरीको छोरा थितीराज गिरीको नामबाट यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय मन्थलीमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक थितीराज गिरीको मिति २०७९-११-२१ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोही पनि नराख्नु भएकोले हाल निजको पत्नी पार्वती गिरीबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

ठमेल होलिडे ईनको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धमा राय सुझाबको लागि सार्वजानिक सुचना

प्रथम पटक प्रकाशित मितिः २०८०/२/२९

बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका ठमेल होलिडे ईन प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	**ठमेल होलिडे ईन प्रा.लि.** काठमाडौं म. न.पा. वडा नं.२६, ठमेल,काठमाडौं, बाग्मती प्रदेश
प्रस्तावकको व्यहोरा	**ठमेल होलिडे ईन** **मुख्य विशेषता :**
प्रस्तावित आयोजना रहने जग्गाको कुल क्षेत्रफल	कूल २७६.१९ वर्ग. मि.९० (०-८-२-३) .
कित्ता नं.	७५७
आयोजनाको उद्देश्य	होटल निर्माण तथा सञ्चालन
जम्मा कोठा तथा बेड क्षमता	४२ कोठामा ८० बेड
प्रभाव पर्न सक्ने जिल्ला /न.पा	काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं.२६, ठमेल

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन गर्ने शिलशिलामा, वाग्मती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ दफा ६ को उपदफा २(१) को प्रावधान अनुसार राय सुझाब संकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (होटल निमार्ण तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक-आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानिय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

राय सुझाव पठाउने ठेगाना :

प्रस्तावकः
ठमेल होलिडे ईन प्रा. लि.
काठमाडौं म.न.पा. वडा नं.२६,
ठमेल, काठमाडौं जिल्ला वाग्मती प्रदेश
फोन नं: ९८५१०३७०८३
इमेल:parvinkc202@gmail.com

सम्बन्धित नगरपालिकाः
काठमाडौं महानगरपालिका, काठमाडौं
जिल्ला वाग्मती प्रदेश,
फोन नं: ०१ ४२३१४८१
इमेल info@kathmandu.gov.np

परामर्शदाताः
जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च
कन्सल्टेन्ट, काठमाडौं, इमेलः info.jerc@gmail.com
फोन नं. ०१-५९१४३५४

कलेजको स्थान परिवर्तन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति २०८०/०२/२९

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमतिमा Limkokwing University of Creative Technology, Malaysia बाट B.A in Interior Architecture 3 years / B.A (Hons) Fashion & Retailing 3 years कार्यक्रम सञ्चालन गर्न का.म.न.पा. वार्ड नं-४, विशालनगरमा सञ्चालन अनुमति लिएकोमा उक्त स्थानको सट्टा हाल बुढानिलकण्ठ न.पा. वार्ड नं-९, मण्डिखाटारमा स्थानान्तरण गरी सञ्चालन गर्न लागेको हुँदा यस कलेजसँग कोही कसैको लेनदेन तथा हरहिसाब एवं कुनै गुनासो तथा उजुरी भए शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबारको उच्च शिक्षा शाखामा वा सोझै यस कलेजमा ३५ दिन भित्र निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

IEC College of Art & Fashion
Bishalnagar, Kathmandu

निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

बागमती प्रदेश, रामेछाप जिल्ला, मन्थली नगरपालिका वडा नं ०९ निवासी अमर बहादुर मगरको छोरी, माहाबिर बहादुर मगरको पत्नी पदम कुमारी मगरको नामबाट यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय मन्थलीमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक पदम कुमारी मगरको मिति २०७९-१२-०६ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोही पनि नराख्नु भएकोले हाल निजको छोरा जित बहादुर पुलामी मगरबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, बागमती प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/२९

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८०/०१/२२ मा प्रकाशित सूचना अनुसार पर्न आएका दरभाउपत्रहरु मध्ये तपशिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्वन्धित सबैका जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	सिलबन्दी नं.	योजनाको नाम	दरभाउपत्रदाताको नाम र ठेगाना	कवोल अंक (भ्याट सहित)
१	NMUN/SQ/ 079/080-01	Supply and Deliver of Health Equipment	श्री हार्मोनी मेडिकल सिस्टम, अनामनगर काठमाण्डौं	रु.२५,७७,१५३।७१

प्रमुख प्रशासकीय अधिकृत

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०२/२५

यस सा.व.उ.स. बाट संकलित साल चिरान काठ ४०२.५४ क्युफिट, साल दाउरा २.५० चट्टा र बाकल ३०१० केजी लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

सिद्ध सा.वन उपभोक्ता समूह, ऋषिङ- ५, तनहुँ

लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०२/२५

यस सा.व.उ.स. बाट संकलित साल गोलिया काठ १०४६.०३ क्युफिट, साज गोलिया काठ ४७८.५१ क्युफिट, खयर काठ ३८२.७२ क्युफिट (स्यापउड बाहेक) र साल दाउरा २.५० चट्टा लिलाम विक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरुलाई २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ । **सिद्धथानी सा.वन उपभोक्ता समूह, बन्दिपुर- ६, तनहुँ**

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७५/०४/१३ मा दर्ता भएको प्रा.लि.नं : १९४३२३ को इम्मानुएल मल्टीप्रपोज प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार बिल्डिङ (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

निक्षेप उपर हकदावी सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०२/२९

धन बहादुर श्रेष्ठ र लाल माया श्रेष्ठको छोरा मधेश प्रदेश, पर्सा जिल्ला विरगञ्ज महानगरपालिका वडा नं. १२ बस्ने यस वित्तीय संस्थाको शाखा कार्यालय विरगञ्ज, पर्साका खातावाला सुन्दर बहादुर श्रेष्ठको मिति २०८०/०१/१६ मा मृत्यु भएकोले यस संस्थामा रहेको निजको बचत खाता नं. ०११०००१६१२१० मा भएको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा सुबेश श्रेष्ठले मिति २०८०/०२/२५ मा आवश्यक कागजात सहित यस संस्थामा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र स-प्रमाण यस वित्तीय संस्थामा हक दावी गर्न आउनुहोला । सो म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागी सूचित गरिएको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार बिल्डिङ (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७८२५१७, फ्याक्स : ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com
Email: info@manjushreefinance.com.np

कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/२९

यस वित्तीय संस्थाको शाखा कार्यालयहरु बाट कर्जा लिने देहाय बमोजीमका ऋणीलेहरुले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल-अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकंबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०७९ को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पूर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

तपसिल

१. ऋणीको विवरण

कर्जाको प्रकार : कृषी कर्जा
ऋणीको नाम : हर्क बहादुर बोहरा
बाबु : धनबिर बोहरा
बाजे : कल्यान सिंह बोहरा
ना.प्र.नं. : ४९५३३
जारी मिति : २०५९/०७/११, जि.प्र.का. कैलाली ।
ठेगाना : कैलाली जिल्ला, हसुलीया गा.वि.स. वडा नं. ०१, को परिवर्तित कैलारी गा.पा. वडा नं. ०४ ।
हाल : कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०८ ।

व्यक्तिगत जमानी दिनेको विवरण

व्यक्तिगत जमानिकर्ता : कला बोहरा	व्यक्तिगत जमानिकर्ता : निरज बोहरा
बाबु : लल्ते बोहरा	बाबु : हर्क बहादुर बोहरा
पति : हर्क बहादुर बोहरा	बाजे : धनबिर बोहरा
ना.प्र.नं. : ६७-०१-७८-००७७५	ना.प्र.नं. : ६७-०१-७८-००४८३
जारी मिति : २०७८/०३/२४, जि.प्र.का. कैलाली ।	जारी मिति : २०७८/०३/१५, जि.प्र.का. कैलाली ।
ठेगाना : कैलाली जिल्ला, कैलारी गा.पा. वडा नं. ०४ ।	ठेगाना : कैलाली जिल्ला, कैलारी गा.पा. वडा नं. ०४ ।
हाल : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०८ ।	हाल : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ०८ ।

२. ऋणीको विवरण

कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा
ऋणीको नाम : हेटौडा उप-महानगरपालिकाको कार्यालय स्थानीय स्वायत शासन ऐन, २०५५ बमोजीम मिति २०७२/०५/२० गते दर्ता भई करदाता संकेत १०-२३६०, आन्तरिक संकेत ४१९९२ भएको स्थायी ले खा नं. ६०३४२३२८४ भई मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १०, स्थित रजिष्टर्ड कार्यालय रहेको **सविना कस्मेटीक (करदाताको नाम : कल्पना विष्ट)**

व्यक्तिगत जमानी दिनेको विवरण

प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : कल्पना बिष्ट	व्यक्तिगत जमानिकर्ता : सविना बिष्ट
बाबु : तिलक लामा	बाबु : ज्ञान कुमार बिष्ट
पति : ज्ञान कुमार बिष्ट	बाजे : अम्बर बहादुर बिष्ट
ना.प्र.नं. : ३१३०२३/२२६२	ना.प्र.नं. : ३१-०१-७५-०२४९९
जारी मिति : २०६३/११/२९, जि.प्र.का. मकवानपुर ।	जारी मिति : २०७५/०२/२४, जि.प्र.का. मकवानपुर ।
ठेगाना : मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. १०, को परिवर्तित हेटौडा उ.म.न.पा. वडा नं. १०	ठेगाना : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. १० ।
हाल : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा.वडा नं. ०४ ।	हाल : मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा.वडा नं. ०४ ।

३. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
कर्जाको प्रकार : आवास कर्जा	**व्यक्तिगत जमानिकर्ता : मोस्ताकिम साजिद**
ऋणीको नाम : तबसुम खातुन	बाबु : इसलाम साफी
बाबु : अता उल्ला मिया	बाजे : विकाउ साफी
पति : मोस्ताकिम साजिद	ना.प्र.नं. : १०३१५७५
ना.प्र.नं. : ८९८४७	जारी मिति : २०४८/०५/२७, जि.प्र.का. धनुषा ।
जारी मिति : २०६५/१०/०५, जि.प्र.का. मोरङ्ग ।	ठेगाना : धनुषा जिल्ला, साबिक झोझि कटैया गा.वि.स. वडा नं. ०२, को परिवर्तित धनौजी गा.पा. वडा नं. ०२ ।
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. ०७, को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०६ ।	हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०६ ।

बेलडाँडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिमप्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२९

यस कार्यालयबाट मिति २०८०/०२/०४ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिलका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागी यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	योजनाको नाम	बोलपत्रदाताले कबोल गरेको रकम (मु.अ.कर र पि.एस.सहित)
BRM/2079/80/ Works/NCB-21	श्री क्रिस निर्माण सेवा बेलडाँडी गा.पा. ०२ कञ्चनपुर	आर्मी क्याम्पदेखी चवन्नी बजार जाने बाटो कालोपत्रे गर्ने कार्य, बेलडाँडी गा.पा. वार्ड न.०२ कञ्चनपुर	२८९,३०५६।८३

प्रमुख प्रशासकीय अधिकृत

"सत्यवती खानी उत्खनन् प्रा.लि." प्रस्तावक रही पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ५, हल्दिचौर क्षेत्रमा संचालन भइरहेको चुनढुङ्गा (Limestone) खानीको उत्खनन् एरिया र क्षमता वृद्धि गर्ने प्रयोजनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्वन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको बारे सार्वजनिक सूचना !!!

प्रकाशित मितिः २०८०/०२/२९

लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ५, हल्दिचौर क्षेत्रमा श्री सत्यवती खानी उत्खनन् प्रा.लि. प्रस्तावक रही संचालन भइरहेको चुनढुङ्गा खानीको उत्खनन् एरिया र क्षमता वृद्धि गर्ने प्रयोजनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदनको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम निम्न स्थान र समयमा आयोजना गरिएको छ ।

प्रस्तावको व्यहोरा	लुम्बिनी प्रदेश अर्न्तगत पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ५ (साविकको कोलडाँडा गा.वि.स. वडा नं. ८), हल्दिचौर क्षेत्र अन्तर्गत टोपो सिट नं. ०९९-०९ मा पर्ने क्षेत्रको Spot Height १,०५९ मिटर लाई मुल चिन्ह मानी नियामक विन्दु ४५५८४५.०० मि. पूर्व र ३०७३४७०.०० मि. उत्तरबाट पूर्व ३,०५०.०० मिटर, पश्चिम ८००.०० मिटर, उत्तर ८५०.०० मिटर र दक्षिण १,४०० मिटर गरी जम्मा ८.६६२ वर्ग किलो मिटर लीज एरिया मध्ये ३४.७० हेक्टर क्षेत्रमा टोपोग्राफिकल सर्भे गरि १०.६४ हेक्टर (सम्पुर्ण क्षेत्र राष्ट्रिय वन) क्षेत्रफलमा चुनढुङ्गा उत्खनन्/क्वारी कार्य संचालनका लागि प्रस्तावित छ । यस स्थानमा वि.सं. २०७० साल देखि ५ हे. क्षेत्रफलमा प्रतिदिन १,२०० टनका दरले चुनढुङ्गा उत्खनन् कार्य संचालन भइरहेको छ । हाल क्वारीलाई ५ हे.बाट १०.६४ हे. मा विस्तार र प्रतिदिन उत्खनन् क्षमता १,२०० टनबाट १,८०० टनमा क्षमता वृद्धि गर्न प्रस्ताव अघि बढाइएको छ । वर्षमा करिव २७० दिन खानी संचालनमा रहने छ भने प्रस्तावित खानीबाट करिव १,८०० टन चुनढुङ्गा दैनिक उत्खनन्का दरले वार्षिक ४,८६,००० टन उत्खनन् गर्न प्रस्ताव गरिएको छ ।
कार्यक्रम स्थल	पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ५ को उत्खनन् क्षमता वृद्धिका लागि प्रस्तावित खानी कन्यादी क्षेत्र
मिति	२०८०/०३/०३ गते आइतबार ।
समय	दिउँसो ११:०० वजे
सम्पर्क व्यक्ति/नम्बर	दिपक प्रसाद भट्टराई (सम्पर्क नं. ९८५१०४९६५५)

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक गरिने तथा सो विषयमा छलफल हुने भएकोले त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति, संस्था र सरोकारवाला सम्पूर्ण स्थानिय वासिन्दा तथा प्रतिनिधिलाई उल्लेखित स्थान र समयमा उपस्थित भई आवश्यक राय सुझाव प्रदान गरिदिनु सादर अनुरोध गरिन्छ ।